कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. : ०७५/०७६
च.नं. :
फोन नं.:-०८१-५४०००९

# अत्यन्त जरुरी सूचना !!!

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर बाँकेबाट विभिन्न मितिमा सर्वपक्षीय बैठक बसी कोहलपुर नगरपालिका क्षेत्रमा फुटपाथ पसल, ठेला गाडा तथा सवारी साधन पार्किंग तथा व्यापार रोक्ने भनि सार्वजनिक सूचना समेत जारी गरिएको थियो । तर सो को पूर्णरुपमा कार्यान्वयन हुन नसकेको अवस्थामा पुनः२०७५ फाल्गुन २८ गते विभिन्न पदाधिकारीको उपस्थितिमा सर्वपक्षीय बैठक बसी मिति २०७५/११/२९ देखि २०७५/१२/०१ सम्म नगरपालिका क्षेत्रको सार्वजनिक स्थानमा फुटपाथ पसल, गाडी पार्किंग, सडक किनारमा राखिएका निर्माण सामग्री तथा ठेला गाडा राख्न नपाउने व्यहोरा प्रचार प्रसार गर्ने र प्रचार प्रसार गर्दा पनि कोही कसैबाट अटेर भएमा इलाका प्रहरी कार्यालय कोहलपुरको सहयोगमा नगर प्रहरी समेत लगाइ सडक पेटी खाली गर्ने तथा उक्त स्थानमा भएका पसल, सामग्री तथा ठेला जफत गरी कारवाही प्रक्रिया अगाडि बढाइने निर्णय भएको कुरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

०७५/११/२८

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)